**नेपाल सरकार**

**युवा तथा खेलकुद मन्त्रालय**

**युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय, कोपुण्डोल, ललितपुर**

**"सहकार्यमा आधारित साझेदारी कार्यक्रम" अन्तर्गत थोककर्जा लिन चाहने बैंक वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई जरूरी सूचना**

**सूचना प्रकाशित मिति :२०८०/८/१३**

कोषले प्रदेश र स्थानीय तहसँग सहकार्यमा आधारित साझेदारी कार्यक्रम मार्फत स्वरोजगार सिर्जना गर्नको लागि **अपिहिमाल गाँउपालिका** सँग कर्जा संझौता गरिसकेकोले उक्त नगरपालिका भित्र दर्ता भई संचालनमा रहेका थोक कर्जा लिई बेरोजगार युवालाई स्वरोजगार बनाउन इच्छुक बैंक वित्तीय संस्था तथा सहकारी संस्थाहरूले कोषको मापदण्ड अनुसार कागजात तयार गरी कर्जा प्रस्ताव फाराम भरी सूचना प्रकाशन भएको मितिले बढीमा १५ दिनभित्र सम्बन्धित स्थानीय तहको कार्यालयमा कार्यालय समय भित्र कर्जा माग प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**१. कर्जा प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरूले पुरा गर्नुपर्ने मापदण्डहरू:**

(क) संस्थाको कार्यक्षेत्र, शेयर पुँजी, सदस्य सङ्ख्या र सञ्चालन अवधि

| क्र.सं. | कार्यक्षेत्र | पुँजी ( लाखमा) | सदस्य सङ्ख्या ( जना) | सञ्चालन अवधि (वर्ष) |
|---|---|---|---|---|
| १ | गाउँपालिका | २ | १०० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७९/८० मा नाफामा रहेको। |
| २ | गाँउपालिका उत्पादनमूलक | १ | ५० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७९/८० मा नाफामा रहेको। |

(ख) आ. व. ०७९/८० मा भाखा नाघेको ऋण कूल ऋण लगानीको ५ % भन्दा कम भएको हुनुपर्नेछ।

(ग) सञ्चालक समिति, लेखासमिति र ऋण उप-समितिका सदस्य तथा पदाधिकारीहरू सहकारी संस्थाको कार्यक्षेत्रभित्र स्थायीबसोवास गरेको प्रमाण (नागरिकता प्रमाणपत्र, मतदाता परिचयपत्र वा जग्गाधनी प्रमाणपूर्जा) हुनुपर्नेछ। संचालक समितिका सदस्य एवं पदाधिकारीहरु बसाई सरी आएकाको हकमा स्थानीय पञ्जिकाधिकारीको अस्थायी बसोबासको सिफारिस पेश गर्नुपर्नेछ।

(घ) संस्थाले कार्यालय खोली नियमित रूपमा कार्यसञ्चालन गरेको हुनुपर्नेछ।

(ङ) संस्थामा कम्तिमा १ जना नियुक्ती लिई काम गरेको कर्मचारी हुनुपर्नेछ।

**२.संस्थाले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरू :**

(क) संस्थादर्ता प्रमाणपत्र, स्थायी लेखा नं., आ. व.२०७८/७९र आ. व. २०७९/८० को कर चुक्ता प्रमाणपत्र र उद्देश्य वा कार्यमा ऋण लिने दिने स्पष्ट नीति उल्लेख भएको स्पष्ट विनियमको प्रतिलिपि।